म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक २९७ आइतबार, २५ जेठ २०८२ ने. सं. ११४५ तछलाथ्व 8 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पुष्प वृक्षरोपण तथा सरसफाई कार्यक्रम

हेटौंडा, २४ जेठ/राष्ट्रिय युवा संघ हेटौंडा-४ नम्बर वडाकमिटीले पुष्पवृक्षरोपण तथा सरसफाई कार्यक्रम गरेको छ । शनिबार युवा संघ ४ नम्बर वडाकमिटीका अध्यक्ष सुरज ब्लोनको सभाध्यक्षता तथा युवा संघ नेपालका केन्द्रीय कमिटी सदस्य दिलु घर्तीमगरको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कमिटीले हेटौंडा-४ कर्रास्थित श्रमिक पार्कमा १ सय वटा वृक्षरोपण गर्नुका साथै पार्क वरपर सर सफाईसमेत गरेको हो । कार्यक्रममा नेकपा एमाले निवर्तमान जिल्ला सचिव तथा वडा नम्बर ४ का वडाअध्यक्ष नवीन सिग्देल, नेकपा एमाले जिल्ला कमिटी उपसचिव आरती पाठक, जिल्ला कमिटी सदस्य तथा राष्ट्रिय युवा संघ जिल्ला इन्चार्ज सानु लामादोङ, राष्ट्रिय युवा संघ नगरइन्चार्ज सबिन लामालगायत युवाको बाक्लो उपस्थिति रहेको थियो ।

# 'दृष्टिकोण नकारात्मक हुँदा अहिलेको व्यवस्था र संविधान दुबै असफल हुन्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले सकारात्मक समाज निर्माणमा सञ्चारकर्मीले भूमिका खेल्नुपर्ने बताएकी छन् ।

नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको आयोजना एवम् हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा भएको सञ्चार क्षेत्रमा प्रविधिले ल्याएको चूनौती र अवसर विषयक कार्यशाला गोष्ठीमा बोल्दै उनले पछिल्लो समयमा समाजमा मानवता हराउँदै गएको बताइन् । नेताहरुको भिजनलाई तल्लो तहसम्म लैजाने पत्रकार भएको उनको भनाई छ । नगरप्रमुख लामाले देश र समाजप्रति हेर्न दृष्टिकोण नकारात्मक हुँदा अहिलेको व्यवस्था र संविधान दुबै असफल हुने उल्लेख गरिन् । समाजलाई सुसूचित गरेर नेतृत्वमा बसेकालाई जवाफदेही बनाउने गरी सञ्चारकर्मीले आफ्नो कलम चलाउनुपर्ने उनको जोड थियो ।

हिनता, त्रास र डरमा भएको नेतृत्वले समाजको विकास गर्न नसक्ने उनको भनाई छ । नगरप्रमुख लामाले समाजमा देखिएको विकृति विसंगतिलाई जरैदेखि उखेलेर फाल्नुपर्ने बताइन् । पत्रकारको विकास भएमात्र समाजको पनि विकास हुने उनको धारणा छ । पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले सुरक्षितरुपमा



पत्रकारिता गर्ने वातावरण बनाउन राज्यलाई जवाफदेही बनाउनुपर्ने बताए । श्रमजीवि पत्रकार ऐनको कुनै पनि दफा सरकारले अहिलेसम्म कार्यान्वयन नगरेको उनको भनाई छ ।

महासचिव दाहालले सरकार मिडियाप्रति जिम्मेवार नभएको जिकिर गरे । देशभरका पत्रकारलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न केन्द्रले पहल गरिरहेको उनले जानकारी दिएका छन् । महासचिव दाहालले प्रविधिको तीव्रतर विकासले पेशामा चुनौती थपेको बताए । सञ्चारकर्मीले पत्रकार आचारसंहिता र मूल्य मान्यतालाई ख्याल गर्नुपर्नेमा उनले जोड दिए । एआईलाई सम्बोधन गर्ने किसिमको आचारसंहिता बनाउने कि नबनाउने भन्ने विषयमा बहस गर्नुपर्ने उनले बताए । महासचिव दाहालले तीनवटै तहको सरकारले कानुनमार्फत् प्रेसलाई नियन्त्रण गर्न खोजेको आभास हुन थालेको उल्लेख गरे ।

बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगरले प्रविधिको तीव्र विकासले परम्परागतरुपमा पत्रकारिता गर्ने सञ्चारमाध्यम संकटमा परिरहेको बताए । नयाँ प्रविधिसँग परिष्कृत हुँदै जानुपर्नेमा उनको जोड थियो । डिजिटल युगमा पत्रकारिताले समाज रुपान्तरणको नयाँ दिशा लिनुपर्ने उनले धारणा राखे । कार्यक्रममा बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवती सापकोटाले रचनात्मक पत्रकारिता, एआईले निम्त्याउने चूनौति र यसका सकारात्मक पक्षका विषयमा प्रस्तुतिकरण राखेका थिए भने नेपाल पत्रकार महासंघका महासचिव दाहालले पत्रकार आचार संहिता र विपद् पत्रकारितासम्बन्धी प्रशिक्षण दिए ।

### एआईसाग पत्रकारले सहकार्य गर्नुपर्छः सञ्चार रजिष्ट्रार सापकोटा

प्रशिक्षणाको क्रममा सञ्चार रजिष्ट्रार सापकोटाले एआईसँग पत्रकारले उपेक्षा नभई सहकार्य गर्नुपर्ने बताए । एआईबाट पनि तर्सिन नहुने उनले बताए । एआईको उपयोग गरी पत्रकारिता पेशालाई अझ परिपक्व र व्यवस्थित गरी क्षमताको विकास गर्नुपर्ने उनको भनाई छ । सञ्चार रजिष्ट्रार सापकोटाले एआइले पुराना कामलाई विस्थापित गरी नयाँ कामको सिर्जना गर्ने उल्लेख गरे ।

प्रविधिमा आएको विकासलाई पत्रकारले आत्मसात गर्दै अगाडि बढ्दा मात्र पेशाको स्थायित्व र दिगोपन हुने उनको धारणा छ । कन्टेन्ट र प्रविधिलाई सँगसँगै जोडेर लैजानुपर्नेमा उनले जोड दिए । सञ्चार रजिष्टार सापकोटाले समाधानमुखी पत्रकारिता गर्नुपर्नेमा जोड दिए । रचनात्मक पत्रकारिताको सैद्धान्तिक मैदान लोकतन्त्र भएकोले सम्भावित समाधानबारे उचित बहसको वातावरण बनाउन सञ्चारकर्मीले प्रयत्न गर्नुपर्ने उनले बताए ।

### विपद् पत्रकारितामा पत्रकार धेरै पछाडि छन्ः महासचिव दाहाल

महासंघका महासचिव दाहालले विपद् पत्रकारिताको क्षेत्र धेरै भएपनि त्यसमा पत्रकार पछाडि परेको बताएका छन् । उनका अनुसार विपद् पत्रकारितालाई विपद्को पूर्वतयारी, विपद्को समय र विपद् पछिको ३ चरणमा विभाजन गर्न सकिने छ । विपद्को समयमा समाजलाई आतंकित बनाउने सूचना दिन नहुने उनले बताए । महासचिव दाहालले विपद् पत्रकारितामा स्थानीयदेखि विश्वव्यापी समस्यालाई समावेश गर्नुपर्ने उल्लेख गरे । उनले अहिले सञ्चारगृहमा विपद्मैत्री पूर्वाधार नभएको बताएका छन् ।

महासचिव दाहालले विपद्को रिपोटिङ गर्दा प्रभावित समुदायको वास्तविकताबारे जानकारी राख्नुपर्नेमा जोड दिए । नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत भरत गौतम, पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट, उपाध्यक्ष हरि हुमागाईं, पत्रकार महासंघ मकवानपुरकी सल्लाहकार अञ्जली थापा, पत्रकार महासंघका पूर्व अध्यक्ष भानुभक्त आचार्य, राममणि दाहाल, विभिन्न पत्रकार संगठनका अध्यक्ष एवम् प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# 'साइकल सौन्दर्य' को गृहविमोचन



साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ त्रिभुवन विश्वविद्यालय अंग्रेजी बिभागका उपप्राध्यापक डा. तारालाल श्रेष्ठको पाँचौ पुस्तक 'साइकल सौन्दर्य' को गृहविमोचन गरिएको छ ।

शनिबार मकवानपुर बहुमुखी क्याम्पस हेटौंडामा आयोजित एक कार्यक्रमबीच पुस्तकको विमोचन गरिएको हो । हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामा, मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा.यमबहादुर सिलवाल, साहित्यकार निमेश निखिलले संयुक्तरुपमा पुस्तकको विमोचन गरेका हुन् । यस पुस्तकमा साइकलको ईतिहास र साइकलेहरुको अनुभव सत्यकथामा अधारित यथार्थपरक र अनुसन्धानात्मक बिवरण समाबेस गरिएको छ ।

नगरप्रमुख लामाले आफू निर्वाचित हुनेबित्तिकै हेटौंडामा बुद्धचोकबाट चारैतिर ४ सय मिटर सांकेतिक साइकल लेन निर्माण गर्दा सामाजिक संजालमा तीब्र आलोचना सहनु परेको स्मरण गर्दै साइकल सभ्यताका लागि निरन्तर काम गरिरहने बताइन् । दुइपटक मेची-महाकाली साइकल यात्रा गरिसकेका नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष साइकलप्रेमी भानुभक्त आचार्यले दैनिकीलाई साइकलसँग जोड्नका लागि सरकारले साइकलसम्बन्धी कानुन निर्माण गर्नुपर्ने बताए ।

पुस्तकका लेखक डा. श्रेष्ठले साइकल अभियानमा नेपालका अधिकांश सहरमा पुगेर पुस्तकका लागि आवश्यक सामग्री संकलन गरिएको बताए । क्यान्सर रोगका कारण जीवनको अन्तिम घडीमा पुगेका ब्यक्तिहरु पनि साइकल चलाउन थालेपछि स्वस्थ्य भएर पुन: सामान्य दिनचर्यामा फर्केका कतिपय उदाहरण पुस्तकमा समेटिएको छ । नेपालका बिभिन्न सहरमा साइकल र्‍याली हुने गरेको र र्‍यालीको आउटपुटका बारेमा कतै अध्ययन नभएको डा. श्रेष्ठले बताए ।

मकवानपुर बहुमुखी क्याम्पस प्रमुख डा. सिलवालले साइकल सभ्तालाई जोड दिँदै गर्दा नेपालको ठूलो धनराशी विदेशिने भएकोले नेपालमै साइकल उत्पादन गर्ने विषयमा बहस सुरु गर्न आग्रह गरे । नेपालको हिमाल, पहाड, तराइमा साइकल उपभोक्ताको रुचीअनुसारको साइकल उत्पादन गर्ने विषयमा पनि सोच्ने बेला भएको डा. सिलवालको धारणा थियो ।

# प्रथम मित्रता क्याम्प सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ स्काउट थाहा नगरपालिकाको आयोजनामा प्रथम मित्रता क्याम्प (फ्रेन्डसीप क्याम्प)२०८२ झम्केश्वरी माध्यमिक विद्यालयमा सम्पन भएको छ ।

३ दिनसम्म चलेको मित्रता क्याप २०८२ थाहा नगर पालिकामा पहिलोपटक आयोजना भएको हो । स्थानीय स्काउट थाहा नगरपालिकाको आयोजनामा बिहीबारदेखि सुरु भएको क्याम्प शनिबार सम्पन भएको थियो । कार्यक्रमको अन्तिम दिन शनिबार थाहानगर स्काउटका संरक्षक एबम् नगरप्रमुख बिष्णु बिष्टले समापन गरेका हुन् । प्रमुखअतिथि मेयर बिष्टले समापन कार्यक्रममा क्याम्पमा सहभागी विद्यार्थीले समुदायप्रति निर्वाह गर्ने जिम्मेवारी, असल नागरिकप्रतिको जिम्मेवारीबोध गराइ विद्यार्थीलाई अनुशासनमा बाध्ने विश्वास व्यक्त गरे ।

बिष्टले फ्रेन्डशीप क्याम्पले विद्यार्थीलाई थप अनुशासन र सहयोगी भावको विकासमा मद्धत पुर्‍याएको बिश्वास व्यक्त गर्दै सिकेको कुरालाई व्यवहारमा उतार्न जोड दिदै आगामी दिनमा अन्तरपालिकास्तरीय फ्रेन्डशीप क्याम्प राख्न स्थानीय स्काउटलाई थाहा नगरपालिकाले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । फ्रेन्डशीप क्याम्पमा थाहा नगरका ९ वटा विद्यालयका २ सय २० जना विद्यार्थीको सहभागिता रहेको थियो ।

स्थानीय स्काउट थाहाका संयोजक गणेशमान श्रेष्ठको अध्यक्षतामा सम्पन्न समापन समारोहमा थाहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, प्याव्सन थाहाका अध्यक्ष सुरेन्द्रमान प्रधान, जनकल्याण माविका पूर्व प्रधानाध्यापक सानोभाइ कार्की, प्रशिक्षक असोक सारुमगर, सहभागी मत्स्यनारायण ट्रूपका करिना राना मगर लगायतले मन्तव्य राखेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# मेघा किचन र दिवाखाजा

दुई दसक अघि विश्व खाद्य कार्यक्रमले नेपालका अधिकांश ग्रामीण क्षेत्रका विद्यार्थीलाई दिवाखाजा उपलब्ध गराउने गरेको थियो । छात्राको विद्यालयमा पहुँच बृद्धि गर्न प्रतिमहिना २ लिटर खाने तेल दिने गरेको थियो । यही कारणले छात्राको उपस्थिति बाक्लो बनेको थियो । अहिलेको अवस्था अलिक फरक छ । नेपाल सरकारले सामुदायिक विद्यालयमा दिवाखाजाका लागि कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई विद्यालयमा उपस्थित भएको दिनमा प्रतिब्यविद्यार्थी प्रतिदिन दिवाखाजाबापत १५ रुपैयाँ उपलब्ध गराइरहेको छ । यो रकम अपुग भएको भन्दै विद्यालयले बारम्बार आवाज उठाइरहेको पनि हो । यो ढाँचालाई सरकारले परिवर्तन गर्न खाजेको देखिन्छ । हेटौंडामा अब एउटै भान्सामा सामुदायिक विद्यालयका पाँच हजार विद्यार्थीलाई दिवाखाजा खुवाइने भएको छ । हेटौंडा उपमहानगरपालिका-१७ मा रहेको बालबोध माध्यमिक विद्यालयस्थित मेगा किचेनमार्फत यो विद्यालयसहित आसपासका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई दिवाखाजा व्यवस्थापन गरिने भएको हो । यसअघि प्रत्येक विद्यालयमा छुट्टाछुट्टै दिवाखाजाको व्यवस्था गरिँदै आएको थियो । संघीय सरकारले चालु आर्थिक वर्ष २०८१/८२ बाट सातै प्रदेशका एक/एक स्थानीय तहमा मेगा किचन स्थापना गर्ने घोषणाअन्तर्गत हेटौंडाका पाँचवटा सामुदायिक विद्यालयका विद्यार्थी लाभान्वित हुने भएका हुन् ।

सरकारको कार्यक्रमअनुसार हेटौंडा-१७ स्थित बालबोध माध्यमिक विद्यालयमा एकीकृत भान्सा (मेगा किचन) स्थापना गरिएको छ । मेगा किचनमार्फत दिवाखाजा व्यवस्थापन गर्ने र खाजा बालबोध माविसँगै हेटौंडा-६ स्थित वंशगोपाल मावि, हेटौंडा-१६ स्थित जनप्रिय मावि, हेटौंडा-१८ स्थित ज्योति मावि र गोरक्षनाथ माविमा पुऱ्याइने छ । हेटौंडा उपमहानगर शिक्षा विकास महाशाखाले नेपाल सरकारबाट संघीय ससर्त कार्यक्रम अन्तर्गत स्थानीय तहको साझेदारीमा मेगा किचनको स्थापना गरिएको बताएको छ । भान्सा सञ्चालन गर्न ५० लाख रुपैयाँ प्राप्त भएको छ । मेगा किचन व्यवस्थापन गर्न बालबोध माविको विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा अन्य विद्यालयका अध्यक्ष सदस्य रहने गरी समिति गठन गरिएको छ । मेगा किचन स्थापना र सञ्चालनसम्बन्धी कार्यक्रम कार्यसञ्चालन निर्देशिका, २०५१ बमोजिम प्राप्त भएको ५० लाख रुपैयाँ बालबोध माविलाई अनुदान निकासा उपलब्ध गराउने उपमहानगरपालिकाले निर्णय गरेको छ । दिवाखाजा कार्यक्रमलाई प्रभावकारी बनाउन कक्षा पाँचसम्मका विद्यार्थीलाई खाजा उपलब्ध गराउने गरी दिवाखाजालाई व्यवस्थित गर्न सरकारले मेगा किचनको अवधारणा ल्याएको हो । हेटौंडा उपमहानगरका अनुसार स्थानीय तहको साझेदारीमा मेगा किचनको स्थापना र सञ्चालनले विद्यार्थी र अभिभावकलाई सहज हुनेछ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रका अनुसार मोरङको विराटनगर महानगरपालिका, धनुषाको जनकपुर उपमहानगरपालिका, मकवानपुरको हेटौंडा उपमहानगरपालिका, कास्कीको पोखरा महानगरपालिका, दाङको घोराही उपमहानगरपालिका, सुर्खेतको बीरेन्द्रनगर नगरपालिका र कैलालीको धनगढी उपमहानगरपालिकामा मेगा किचन स्थापना र सञ्चालनका लागि छनोट भएका छन् ।

आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा विद्यालयका विद्यार्थीलाई पोषिलो, ताजा र गुणस्तरीय खाजा खुवाउन दिवाखाजा कार्यक्रम परिमार्जन गर्ने घोषणा गरिएको थियो । बजेटमा ७वटै प्रदेशको एक/एक वटा स्थानीय तहमा एकीकृत भान्साको अवधारणाअनुसार मेगा किचन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्ने उल्लेख छ । हाल सरकारले कक्षा ५ सम्मका बालबालिकालाई दिवाखाजा खुवाउन विद्यालयमा नै दैनिक १५ रुपैयाँका दरले रकम उपलब्ध गराउँदै आएको छ । मेगा किचन अर्न्तगत स्थानीय तहका बालबालिकालाई स्थानीय उत्पादनमा आधारित खाजा एकद्वारप्रणालीमा खुवाउने लक्ष्य राखिएको छ । केन्द्रले मेगा किचेन स्थापना र सञ्चालनसम्बन्धी कार्यक्रमको कार्यविधि जारी गरिसकेको छ । कार्यविधिअनुसार स्थानीय तथा वा वडाभित्रको अगुवा विद्यालयमार्फत् केन्द्रीकृत खाजा आपूर्तिको प्रबन्ध गर्नुपर्नेछ । छनोटमा परेका स्थानीय तहले मेगा किचन कार्यक्रम सञ्चालन गर्ने स्थान, खाजा उपलब्ध गराउने विद्यार्थीको संख्या, खाजा बनाउने जनशक्ति तथा ढुवानी व्यवस्था, स्थानीय, स्वच्छ र पोषणयुक्त खाजा बनाउने विधि, प्रक्रियाको प्रतिबद्धता गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ जेठ २६ गते सोमबार ९ जुन २०२५ । त्रयादशी, जेष्ठ शुक्लपक्ष । तछलाध्व ११४५ ने.सं. । सूर्योदय ५:९, सूर्यास्त ६:५७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद बढ्न सक्नेछ | तुला | : शुभ समाचार सुन्न पाइनेछ |
| वृष | : उत्साह कम हुनेछ | वृश्चिक | : मान सम्मान पाउन सकिनेछ |
| मिथुन | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | धनु | : मन खिन्न हुन सक्नेछ |
| कर्कट | : उदर-विकार हुन सक्नेछ | मकर | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| सिंह | : परिवारमा उन्नति हुनेछ | कुम्भ | : राजनीतिमा सफलता मिल्नेछ |
| कन्या | : काममा रोकावट आउन सक्नेछ | मीन | : काममा विलम्ब हुनेछ |

# सम्बद्ध व्यक्तिको दायरा बढाउन र प्रविधि विकास समेट्न 'बाफिया' संशोधन

**वित्तीय क्षेत्रको सम्पत्तिको गुणस्तर कमजोर भएसँगै कर्जाको असमान वितरणका कारण निम्त्याएका समस्या सम्बोधन गर्न तथा वित्तीय क्षेत्रको स्रोतको योगदान अर्थतन्त्रमा देखिन पनि बाफिया संशोधन अवश्यक भएको केन्द्रीय बैंकको बुझाइ हो ।**



✍गुरुप्रसाद पौडेल

बैंकिङ क्षेत्रमा विश्वभरि नै सबैभन्दा छिटो विकास/परिवर्तन भइरहेको हुन्छ । उक्त क्षेत्रलाई पछिल्लो समयमा प्रविधिले झनै आधुनिक बनाएको छ । बैंक तथा वित्तीय संस्थाको कारोबारमा आएको विकास तथा परिवर्तन सुरक्षित बनाउन नियम कानुन पनि नियमित गराउनुपर्ने हुन्छ ।

कोरोना महामारीदेखि बढेको डिजिटल बैंकिङ कारोबारले संसारभरिका केन्द्रीय बैंकलाई डिजिटल करेन्सी विकास गर्नुपर्ने दबाब बढ्यो । सोही अनुसार धेरै देशका केन्द्रीय बैंकले डिजिटल करेन्सी विकास गरेर कार्यान्वयनमा पनि ल्याइसकेका छन् । राष्ट्र बैंकले पनि डिजिटल करेन्सीको तयारी गरेको छ । तर, त्यसलाई चिन्ने कानुन नभएको हुनाले पनि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन (बाफिया) २०७३ को संशोधन आवश्यक छ ।

राष्ट्र बैंकले समय अनुसार परिवर्तनलाई कानुनमा सम्बोधन गर्नुपर्छ भनेर बाफिया ऐन २०७३ संशोधन गर्न विधेयक तयार भयो । केन्द्रीय बैंकले तयार गरेको उक्त विधेयक अर्थ मन्त्रालय हुँदै संसद् पुगेको अवस्था छ । संघीय संसद्को प्रतिनिधिसभामा दर्ता भएको पनि करिब १४ महिना बितिसकेको छ । यतिका समयपछि प्रतिनिधिसभाको अर्थ समितिले सरोकारवालासँग छलफल सुरु गरेको छ ।

अर्थ समितिको छलफलमा पनि माननीय सदस्यहरूको पुनर्लेखन गर्नुपर्ने सुझावलाई सुनें । संसद्बाट पारित भइसक्नुपर्ने समय बितिसक्दा समेत पुनर्लेखन गर्नुपर्ने सुझाव आउँदा आश्चर्य पनि लाग्यो । तर, पनि छलफलका लागि राष्ट्र बैंकका गभर्नर सहित केही अधिकारीहरूलाई बोलाइएको थियो । छलफल क्रममा पनि बाफियालाई समय सापेक्ष बनाउन संशोधन आवश्यक रहेको स्पष्ट देखिन्छ ।

बाफिया ऐन २०७३ लागु भएको १० वैशाख २०७४ देखि हो । २०७३ सालमा ऐन आए पनि २०७३ सालदेखि बैंकिङ क्षेत्रमा भएको परिवर्तनलाई यसले समेट्दैन । करिब एक दशक अवधिमा बैंकिङ क्षेत्रमा आएको परिवर्तन पूर्णरूपमा नियमन दायरामा ल्याउन सकिएको छैन । त्यसको मुख्य कारण भनेको आवश्यक कानुनी आधार नभएर हो । यिनै विकास तथा परिवर्तन समावेश गर्न पनि बाफिया संशोधन आवश्यक रहेको केन्द्रीय बैंकको भनाइ हो ।

सरकारले आगामी आर्थिक वर्षको बजेटमा पनि डिजिटल बैंक स्थापना गर्ने व्यवस्था गरिएको छ । तर, नेपालका वर्तमान कानुनले डिजिटल बैंक चिन्दैन । त्यसका लागि पनि बाफिया संशोधन गर्नु आवश्यक छ ।

प्रविधिक क्षेत्रमा आएको परिवर्तनसँगै बैंक तथा वित्तीय क्षेत्रका संस्थाको आकारमा समेत धेरै परिवर्तन आएको छ । चुक्ता पूँजी २ अर्ब भएका वाणिज्य बैंकहरू अहिले न्यूनतम पनि चुक्ता पूँजी ८ अर्ब पुगेको अवस्था छ । अहिलेका बैंक तथा वित्तीय संस्थाको आकार अनुसार उल्लेख्य स्वामित्वको परिभाषालाई पनि परिवर्तन गर्नुपर्ने देखिएको हुनाले त्यसलाई पनि सम्बोधन गर्ने गरी विधेयक तयार भएको छ ।

त्यसका साथै वित्तीय क्षेत्रको सम्पत्तिको गुणस्तर कमजोर भएसँगै कर्जाको असमान वितरणका कारण निम्त्याएका समस्या सम्बोधन गर्न तथा वित्तीय क्षेत्रको स्रोतको योगदान अर्थतन्त्रमा देखिन पनि बाफिया संशोधन अवश्यक भएको केन्द्रीय बैंकको बुझाइ हो ।

हालको बाफियामा बैंक तथा वित्तीय संस्थामा २ प्रतिशतसम्म सेयर स्वमित्वलाई उल्लेख्य स्वामित्वमा राखिएको छ । २०७३ को बाफिया आएपछि बैंक वित्तीय संस्थाको चुक्ता पूँजी ४ गुणाभन्दा धेरैले बढेको छ । हाल बैंक तथा वित्तीय संस्थाको कुल चुक्ता पूँजी नै ६ खर्ब ५० अर्बभन्दा धेरै छ । त्यो २ प्रतिशत स्वामित्व अहिले ज्यादै ठूलो आकारको हुन सक्ने अवस्था बनेको छ । त्यसैले पनि उल्लेख्य स्वामित्व अन्तर्गत २ प्रतिशतलाई घटाइ १ प्रतिशतमा झार्न विधेयकमा प्रस्ताव गरिएको हो । राख्न सक्ने भएकाले घटाउने प्रस्ताव गरिएको हो ।

त्यस्तै बैंक तथा वित्तीय संस्थासँग जोडिने अर्थात् 'सम्बद्ध' व्यक्तिको परिभाषालाई फराकिलो बनाइ विधेयकमा समावेश गरिएको छ । वित्तीय क्षेत्रको स्रोत संख्यामा थोरै रहेका ठूला ऋणीले मात्रै दुई तिहाइभन्दा धेरै प्रयोग गरेको अवस्था छ । त्यसको समान वितरणका लागि पनि सम्बद्ध पक्षको परिभाषालाई बृहत बनाउन आवश्य थियो । कर्जाकै हिसाब हेर्दा नेपालमा १९ लाख ४० हजार जनाले ५५ खर्ब ४८ अर्ब कर्जा प्रयोग गरेको अवस्था छ । ऋणीको संख्या र कर्जाको आकार हेर्दा एक ऋणीले लिने कर्जाको औसत आकार सानो देखिन्छ । तर, एकल व्यक्तिले लिएको कर्जा धेरै ठूलो छ ।

सम्बद्ध व्यक्तिको परिभाषा फराकिलो बनाउँदा एउटा सम्बद्ध व्यक्ति, कन्सोर्टियम, फर्मसँग सम्बद्ध व्यक्तिले कति कर्जा लिएका छन्, त्यसको पहिचान गरी नीति बनाउन पनि सहज हुने भएकाले पनि बाफिया संशोधन आवश्यक छ । साथै, कर्जा केन्द्रीकृत भएको भन्ने विषयलाई समेत समावेश गर्न यो परिभाषा फराकिलो बनाउन आवश्यक छ । अन्तर्राष्ट्रिय रूपमा पनि यसैगरी परिभाषित गर्ने गरिन्छ । अन्तर्राष्ट्रिय अभ्यास समावेश गर्न बाफिया संशोधन प्रक्रिया अघि बढाइएको हो ।

# क्याल्सियम कार्बाइडले पकाएको आँप र जनस्वास्थ्यमा खतरा

**क्याल्सियम कार्बाइड प्रयोग गरेर पाकेको आँपमा प्राकृतिक गुलियोपन र पोषण कम हुन्छ । यसले पाचन प्रणालीलाई पनि असर गर्छ । यस्तो आँप खाँदा ग्यास, एसिडिटी, कलेजोको विकारजस्ता समस्या हुन सक्छ । यस्तो आँप विशेष गरी बालबालिका, वृद्धवृद्धा र गर्भवतीहरुका लागि झनै खतरनाक हुन सक्छ । त्यसैले आँप खाँदा सचेत हुनु जरुरी छ ।**



✍डा. केदार कार्की

नेपाली बजारमा आँपको सिजन शुरु भएको छ । आँप गर्मीको सबैभन्दा मनपर्ने फलफूलमध्ये एक हो । गर्मीको मौसम छ र यस समयमा देशमा आँपको खपत बढ्छ । बजारमा धेरै प्रकारका आँप उपलब्ध छन् । धेरै मानिसले आँपलाई स्वाद मानेर खान्छन् । यो स्वादिष्ट मात्र नभई स्वास्थ्यको लागि पनि फाइदाजनक मानिन्छ । आजभोलि बजारमा विभिन्न प्रकारका आँप बिक्री भइरहेका छन् । यी पहेँला-हरिया आँपप्रति आकर्षित नहुने शायदै कोही होला । वास्तवमा, गर्मी सिजनमा यो रसिलो फलको माग दिनप्रतिदिन बढ्न थाल्छ ।

प्राय: बजार रंगीन फलफूलले भरिएको हुन्छ । यतिखेर आँपको सिजन भएकाले आँपका रंगहरूले तपाईंलाई धेरै आकर्षित गर्न सक्छ । फलफूल भनेको हामीलाई स्वस्थ बनाउने खाद्यवस्तु हो तर अहिले त्यही फलफूल रोग र मृत्युको कारण बन्दै गएको छ । विज्ञहरूको चेतावनी अनुसार बजारमा बिक्री भइरहेका आँप, केरा, स्याउजस्ता फलफूलमा खतरनाक रसायन मिसाइने गरेको पाइन्छ । वास्तवमा, बजारमा बिक्री भइरहेका फलफूललाई छिटो पाक्न र तुरुन्तै बजारमा ल्याउन क्याल्सियम कार्बाइड प्रयोग गरी पकाइने गरिन्छ । यसले फलहरू केही घण्टामै पाक्छन् र गुलिया हुन्छन् ।

तर के तपाईंलाई थाहा छ ? खाऊँ-खाऊँ लाग्ने र सुन्दर देखिने यस्तो आँपले तपाईंलाई बिरामी बनाउन सक्छ । किनकि आँपको बढ्दो मागका कारण केही मानिसले यसलाई छिटो पाक्नका लागि रसायनको सहारा लिन्छन् । फलफूललाई कृत्रिम तरिकाले पकाउने धेरै विकल्प छन् । यदि तपाईं ग्रामीण क्षेत्रबाट आउनुभएको छ भने, शायद बाल्यकालमा तपाईंले आँपजस्ता फलफूललाई परालको थुप्रोमा राखेर पकाउनुभएको हुनुपर्छ । तर आजकल फलफूलको ठूलो मात्रा पाकाउन सामान्यतया रसायन नै प्रयोग गर्ने गरिएको छ । यीमध्ये केही धेरै खतरनाक छन्, जसले घातक रोगहरू पनि निम्त्याउन सक्छन् ।विशेष गरी यसका लागि क्याल्सियम कार्बाइडजस्ता खतरनाक रसायनहरू प्रयोग गरिन्छ, जुन स्वास्थ्यको लागि धेरै हानिकारक छ ।

पछिल्ला केही वर्षहरूमा, क्याल्सियम कार्बाइड आँपजस्ता फलफूललाई कृत्रिमरूपमा पकाउने सजिलो तरिका बनेको छ । फलफूललाई बगैंचाबाट बजारमा ढुवानी गर्दा यो रसायन मिसाइन्छ, जसले गर्दा फलफूलबाट निस्कने एसिटिलिन ग्यासको कारणले फल छिटो पाक्छ । क्याल्सियम कार्बाइड एक धेरै विषाक्त पदार्थ हो, जसले छालाको जलन, श्वासप्रश्वास समस्या र क्यान्सरसमेत धेरै स्वास्थ्य समस्या निम्त्याउन सक्छ । रिसर्च गेटले गरेको एक अध्ययनले आँप पाक्न क्याल्सियम कार्बाइड छर्कंदा आँपको गुणस्तरमा असर पर्ने देखाएको छ । यसले आँपको पीएच ठोस पदार्थहरूमा परिवर्तन ल्याउँछ । भिटामिन सीको मात्रामा पनि नकारात्मक परिवर्तन देखिन्छ ।

क्याल्सियम कार्बाइडले एसिटिलिन नामक ग्यास उत्पादन गर्छ, जुन आँप पाक्दा प्राकृतिकरूपमा उत्पादन हुने रासायनिक इथाइलिन भन्दा फरक हुन्छ । वेल्डिङ व्यवसायमा एसिटिलिन इन्धनको रूपमा प्रयोग गरिन्छ । जब क्याल्सियम कार्बाइडबाट एसिटिलिन उत्पादन गरिन्छ, यसमा धेरै विषाक्त अशुद्धताहरू हुन्छन्, जसले मानव शरीरमा नकारात्मक प्रभाव पार्न सक्छ । एसिटिलिन एक ग्यास हो, जसले सास फेर्ने हावामा अक्सिजनको मात्रा घटाउँछ । यसको अत्यधिक मात्राले शरीरका कोषहरूमा अक्सिजनको कमी हुन्छ, जसका कारण धेरैपटक मानिसहरू अचानक चक्कर लाग्ने वा नर्भस महसुस गर्ने गुनासो गर्छन् । यो ग्यासका कारण टाउको दुख्ने, थकान हुने, निद्रा नलाग्ने, मानसिक तनाव र स्मरणशक्तिमा कमी आउने समस्या पनि देखिएको छ ।

केही अध्ययनहरूले क्याल्सियम कार्बाइडको प्रयोगका कारण क्यान्सरको जोखिम पनि हुने बताएका छन् । यस्तो अवस्थामा, के क्याल्सियम कार्बाइडले साँच्चै क्यान्सर निम्त्याउँछ त ? जब क्याल्सियम कार्बाइड ओसिलोपनको सम्पर्कमा आउँछ, त्यसबाट एसिटिलिन ग्यास निस्कन थाल्छ । यो ग्यासमा आर्सेनिक र फस्फोर सजस्ता खतरनाक तत्वहरू हुन्छन् । आर्सेनिक स्पष्टरूपमा क्यान्सरजन्य हो । त्यसैले यसबाट क्यान्सर हुने जोखिम हुन्छ । यस्तो अवस्थामा क्याल्सियम कार्बाइड प्रयोग नगर्नु नै राम्रो हुन्छ । यदि तपाईंले कतैबाट आँप किन्नुहुन्छ र त्यसमा क्याल्सियम कार्बाइड प्रयोग गरेको रहेछ भने तपाईंलाई क्यान्सर हुँदैन भन्न सकिँदैन । तर एक वा दुईपटक त्यो आँप खाँदा क्यान्सर हुँदैन, वर्षौं लाग्छ । त्यसैले धेरै आत्तिनु भने पर्दैन ।

एसिटिलिन र क्याल्सियम कार्बाइडको लामो समयसम्म सम्पर्कमा रहँदा आँखा रातो हुने, जल्ने र चिलाउने समस्या हुन सक्छ । आँपको बक्सा खोल्दा छालामा चिलाउने, रातो हुने र जलन हुने कारण क्याल्सियम कार्बाइड हो । आँपको बट्टामा एसिटिलिन ग्यास भरिन्छ, यसलाई खोल्नेबित्तिकै यो ग्यास साससँगै शरीरमा प्रवेश गर्छ र मुख, नाक, घाँटी एवं फोक्सोमा द्रुत असर गर्छ । यसले तुरुन्तै खोकी लाग्न थाल्छ । कहिलेकाहीं सास फेर्न गाह्रो हुन्छ । सामान्यतया क्याल्सियम कार्बाइड कारखानाहरूमा प्रयोग हुने रसायन हो । कतिपयले फलफूल छिटो पकाउन अवैधरूपमा यसको प्रयोग गर्छन् । यस्ता फलहरू बाहिरबाट पाकेका देखिन्छन् तर भित्रबाट काँचै रहन पनि सक्छन्, जुन स्वास्थ्यका लागि हानिकारक हुन्छ । यही कारणले गर्दा सरकारले फलफूल पकाउन क्याल्सियम कार्बाइडको प्रयोगमा प्रतिबन्ध लगाएको छ । क्याल्सियम कार्बाइड प्रयोग गरेर पाकेको आँपमा प्राकृतिक गुलियोपन र पोषण कम हुन्छ । यसले पाचन प्रणालीलाई पनि असर गर्छ । यस्तो आँप खाँदा ग्यास, एसिडिटी, कलेजोको विकारजस्ता समस्या हुन सक्छ । यस्तो आँप विशेष गरी बालबालिका, वृद्धवृद्धा र गर्भवतीहरूका लागि झनै खतरनाक हुन सक्छ । त्यसैले आँप खाँदा सचेत हुनु जरुरी छ ।

**रसायन प्रयोग भएको कसरी पहिचान गर्ने ?**

गर्मीमा बजार रंगीन आँपले भरिएको हुन्छ । आँपको स्वाद, रंग, सुगन्ध र बनावटबाट तपाईं धेरै हदसम्म भन्न सक्नुहुन्छ कि यो प्राकृतिकरूपमा पाकेको हो वा रासायनिकरूपमा । आँपलाई पानीले भरिएको बाल्टिनमा राख्नुहोस्, यदि आँप तैरिन थाल्यो भने मान्नुहोस् कि सो आँप रसायनको मद्दतले पाकेको हो । यसबाहेक, आफ्नो हातमा आँप उठाउनुहोस् । तपाईंले आँपको बाहिरी छालामा हल्का चाउरीपना देख्नुहुनेछ । सामान्यतया मानिसहरू आँपमा चाउरी परेको छ भने त्यो प्राकृतिकरूपमा पाकेको हुन्छ भन्ने विश्वास गर्छन्, तर यो सत्य होइन । यदि आँप हल्का हरियो र गकोछ र चाउरी परेको देखिन्छ भने, यो निश्चित हुन्छ कि आँप रूखमा पाक्नुअघि नै टिपिएको हो र रसायनको मद्दतले पाकाइएको हो । आँपमा हल्का हरियो पात वा दाग देखिनुले पनि यसलाई रसायनको मद्दतले पाकेको देखाउँछ, जबकि प्राकृतिकरूपमा पाकेको आँप हरियो भए पनि कुनै दाग देखिँदैन ।

पहिलो कुरा त रंगबाट पहिचान गर्नुस् । यदि आँप बाहिरबाट चम्किलो पहेँलो र भित्रबाट कडा छ भने, यो रसायन प्रयोग गरेर पाकेको हुन सक्छ । प्राकृतिक आँपको रंग अलि असमान हुन्छ । दोस्रो कुरा, गन्धमा ध्यान दिनुहोस् । प्राकृतिक आँपको गन्ध मीठो र ताजा हुन्छ, जबकि रासायनिकरूपमा पाकेको आँपमा या त गन्ध नहुन सक्छ वा थोरै तिखो गन्ध हुन सक्छ । अर्को कुरा, स्वादको भिन्नता बुझ्नुहोस् । रसायन प्रयोग गरेर पाकेको आँपको स्वाद नरम वा अनौठो हुन सक्छ । छोएर पनि केही पहिचान गर्न सकिन्छ । यदि आँप छोएपछि धेरै नरम वा कडा महसुस हुन्छ भने, यो रसायन प्रयोग गरेर पाकेको हुन सक्छ । आफूलाई आँप रसायन प्रयोग गरेर पकाएको भन्ने लागेमा त्यस्ता आँपहरू तुरुन्तै नखानुहोस् । केही दिन पानीमा भिजाएर सुती कपडाले सफा गर्नुहोस् । यसले गर्दा आँप क्याल्सियम कार्बाइडको प्रभावबाट मुक्त हुन्छ ।

आँप पकाउन कार्बाइड प्रयोग गरिएको छ कि छैन भनेर सजिलै पत्ता लगाउन कठिन छ । तर सरकारले नै प्रतिबन्ध लगाएकोले यसको सम्भावना कम छ । तैपनि, तपाईंले बजारबाट आँप ल्याउनुभयो भने, पानीले राम्ररी धोएर मात्र खानुहोस् । आँप खाएर तपाईंलाई कुनै प्रकारको समस्या आयो भने डाक्टरसँग परामर्श लिनुहोस् । शरीरलाई स्वस्थ राख्नको लागि, पौष्टिक र स्वस्थकर खाना खानु महत्वपूर्ण छ । स्वास्थ्य विज्ञहरू भन्छन्, 'खाद्य पदार्थमा मिसावट बढ्दै गएको, धेरै प्रकारका रसायन र संरक्षकहरूको प्रयोग भइरहेकोले यसले स्वास्थ्यलाई धेरै हिसाबले गम्भीर क्षति पुऱ्याउन सक्छ ।' हुन पनि खाद्य पदार्थमा हानिकारक रसायन मिसाउँदा वा उच्च गुणस्तरका सामग्रीहरूको सट्टा सस्तो विकल्प प्रयोग गर्दा धेरै प्रकारका रोगहरूको जोखिम बढ्न सक्छ । दूधदेखि चामलसम्म, फलफूलदेखि तरकारीसम्म विषादी प्रयोग गरिएको हुन सक्छ । यद्यपि पकाउने मसलामा पनि मिसावटसँगै यस्ता धेरै हानिकारक पदार्थ प्रयोग गरिएको पाइन्छ, जसले मृगौला, कलेजोलगायतका अंगहरूलाई गम्भीर क्षति पुऱ्याउन सक्छ ।

आजकल आँप हाम्रो स्वास्थ्यको लागि सबैभन्दा लाभदायक फलफूलमध्ये एक हो । यसलाई भिटामिन ए र सीसँगै फाइबर र प्रोटिनको राम्रो स्रोत मानिन्छ । तर आँप खाँदा सानो लापरबाहीले पनि धेरै गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ । यदि तपाईं पनि बजारबाट आँप किनेर खाँदै हुनुहुन्छ भने सावधान रहनुहोस्, तपाईंको अलिकति पनि लापरबाही शरीरको लागि धेरै हानिकारक हुन सक्छ ।

यदि तपाईंले कार्बाइडले पाकेका फलफूलहरू राम्ररी नधोई खानुभयो भने, विषाक्तताको जोखिम हुन्छ । शरीरमा यसको अत्यधिक मात्राले छालाको समस्या, मिर्गौला फेल हुने जोखिम बढाउन सक्छ । फलफूल उत्पादन उद्योगमा काम गर्ने कामदारहरू जो उच्च स्तरको क्याल्सियम कार्बाइडको सम्पर्कमा आउँछन्, उनीहरू गम्भीर स्वास्थ्य समस्याको उच्च जोखिममा हुन्छन् । यसले पल्मोनरी एडेमा (फोक्सोमा तरल पदार्थ जम्मा हुने), कार्डियाक अरेस्ट, कोलोन र प्रोस्टेट क्यान्सरजस्ता रोगहरूको जोखिम बढाउन सक्छ । फलफूल र तरकारीमा प्रयोग हुने हानिकारक रसायनबाट बच्न, ती वस्तु खानुभन्दा कम्तीमा आधा घण्टा पानीमा भिजाउनु र पानीले राम्ररी सफा गरेपछि मात्र सेवन गर्नु उचित हुन्छ । अर्गानिक चिजहरू सेवन गर्नुहोस् । सिजनविना उपलब्ध गराइएका र अप्राकृतिक तरिकाले तयार पारिएका वा पकाइएका खाद्य पदार्थहरूबाट बच्नुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# रविमाथि समेत आकर्षित हुनसक्छ सम्पत्ति शुद्धीकरणको नयाँ नजिर

काठमाडौं/सर्वोच्च अदालतले अहिले साथमा नदेखिए पनि कुनै समय खातामा रहेको रकम वा सम्पत्तिबारे सम्बन्धित व्यक्तिले नै जिम्मेवारी लिनुपर्ने दृष्टिकोण सहित नयाँ नजिर स्थापित गरेको छ । पहिले खातामै देखिए पनि अहिले साथमा नभएको सम्पत्तिको जिम्मा लिनु नपर्ने भन्ने यसअघिको नजिर प्रतिस्थापन गर्दै सर्वोच्च अदालतले आफ्नो स्वामित्वमा रहेको सम्पत्तिको पुष्टि हुनेगरी स्रोत खुलाउन सक्नुपर्ने व्याख्या गरेको हो ।

सर्वोच्च अदालतको यो नजिरले भ्रष्टाचारबाट आर्जन हुने गैरकानुनी सम्पत्ति र सम्पत्ति शुद्धीकरणको मुद्दामा नयाँ मानक बनेको छ । यो नजिर गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोप लागेकादेखि सम्पत्ति शुद्धीकरणको अभियोग खेपेकाहरूको हकमा समेत आकर्षित हुने देखिन्छ । सहकारी ठगीको आरोप खेपिरहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि समेत सम्पत्ति शुद्धीकरणको अभियोग छ । सहकारीबाट अपचलन गरेको आर्जन आफ्नो खातामा राखेर सम्पत्ति शुद्धीकरण गरेको आरोप खेपिरहेका लामिछानेको मुद्दामा यो नजिर आकर्षित हुने देखिन्छ ।



**के हो नयाँ नजिर ?**

मानौं, ५ वर्षअघि कुनै व्यक्तिको खातामा ५ करोड रुपैयाँ जम्मा भयो, अनि ६ महिनापछि उसले खातामा ५ लाख रुपैयाँ बाँकी राखेर सबै रकम निकाल्यो । त्यो व्यक्तिमाथि गैरकानुनी सम्पत्ति आर्जन वा सम्पत्ति शुद्धीकरणको अभियोग लागेमा ५ करोड रुपैयाँ कहाँबाट ल्यायो भनी प्रश्न उठ्न सक्छ । ११ वर्षअघि सर्वोच्च अदालतले प्रतिपादन गरेको भ्रष्टाचार सम्बन्धी एक नजिरअनुसार, साथमा नभएकाले त्यो मानिसको खातामा आइपुगेको ५ करोड रुपैयाँमाथि प्रश्न उठाउन आवश्यक छैन । खातामा रहेको ५ लाख रुपैयाँको मात्रै स्रोत देखाए पुग्छ ।

२०७१ सालमा प्रतिपादित त्यो नजिरले आरोपितको साथमा नभएको सम्पत्तिबारे जवाफदेही हुनु नपर्ने व्याख्या गरेको थियो । त्यतिबेला सर्वोच्चले 'कसैले अपराध गरेर कमाएको सम्पत्तिमाथि प्रश्न उठेमा उसको साथमा रहेको र अनुसन्धानका बखतमा रहेको चलअचल सम्पत्तिलाई मात्रै अनुसन्धानको आधार बनाउनुपर्ने' व्याख्या गरेको थियो । त्यो नजिर माथि यदाकदा प्रश्न उठ्ने गरेको थियो । खातामा आइपुगेको रकम झिकेका कारण मात्रै भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरणको अभियोग लागेको व्यक्तिले दायित्वबाट कसरी उन्मुक्ति पाउन मिल्छ भन्ने प्रश्न कानुनी र न्यायिक वृत्तमा उठ्ने गरेको थियो । यस्तैमा आपराधिक पृष्ठभूमिका विराटनगरका अभिषेक गिरी विरुद्धको सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दा विशेष अदालतबाट सर्वोच्च अदालत पुग्यो ।

गुण्डागर्दी र आपराधिक क्रियाकलापमा संलग्न रही अवैध रूपमा सम्पत्ति कमाएको (सम्पत्ति शुद्धीकरण गरेको)को अभियोगमा अभिषेक गिरी र उनकी पत्नी अनिशामाथि मुद्दा चलेको थियो । अनुसन्धान हुँदा अर्थात् मंसिर २०६९ मा उनको खातामा ३५ सय रुपैयाँ मात्रै रहेकोमा त्यसभन्दा अनि उनको खातामा कूल एक करोड १९ लाख रुपैयाँ आएको र रकम पनि झिकेको भेटियो । उनकी श्रीमती अनिशा गिरीको खातामा पनि दुई हजार रुपैयाँ मात्रै बचत थियो । तर अनुसन्धान हुँदा अनिशाको खातामा एक करोड ६० लाख रुपैयाँ जम्मा भएको र पछि झिकेको भेटियो ।

त्यतिबेला सरकारले उनीहरूको खातामा आएको कूल रकम जोडेर दुई करोड ९४ लाख रुपैयाँको बिगो मागदाबी थियो । विशेष अदालतले दुवैजनालाई असार २०७५ मा सफाइ दिएको थियो । सुरुमा सर्वोच्च अदालतका दुई न्यायाधीशको इजलासले गिरी दम्पतीको मुद्दाको सुनुवाइ गरेको थियो ।

गैरकानुनी सम्पत्तिको एक भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतले पहिले आरोपितको साथमा भए पनि अनुसन्धानका बेला बिक्री-वितरण भएको, हस्तान्तरण गरिएको वा अन्य तरिकाले अरुको नाममा गएको रकम कसुरअन्तर्गत नपर्ने भन्ने नजिर स्थापित गरेको थियो । त्यतिबेलाको व्याख्या अहिले अभिषेक गिरीको सम्पत्तिको हकमा समेत आकर्षित हुने अवस्था बन्यो । संयुक्त इजलासले त्यतिबेला प्रतिपादित सिद्धान्तका सबल र दुर्बल पक्षको विश्लेषण गर्‍यो ।

एकातिर खातामा पटक-पटक जम्मा भएको रकम सबै अपराधबाट आर्जन गरेको (सम्पत्ति शुद्धीकरण)कै रकम हो भनेर अनुमान गर्न पनि उचित हुने थिएन । अर्कोतर्फ, अपराधबाटै आर्जित रकम पटकपटक झिक्ने र राख्ने काम पनि हुनसक्ने भन्दै उसले 'कस्तो रकमलाई कारोबारलाई (अपराधबाट आर्जित रकम मानी) बिगो कायम गर्नुपर्ने' जटिल प्रश्न देखिएको औंल्यायो ।

उसले खातामा रकम राखेको तर अन्यत्र लगेको अवस्थामा के गर्ने भन्ने प्रश्नको निरूपणका लागि मुद्दालाई पूर्ण इजलासमा पठाउन आदेश दियो । त्यसपछि न्यायाधीशहरू सपना प्रधान मल्ल, हरि फुयाल अनि बालकृष्ण ढकालको तीन सदस्यीय पूर्ण इजलास गठन भएको हो । तीन सदस्यीय पूर्ण इजलासले २०७१ सालको नजिरको सान्दर्भिकतामा प्रश्न उठाएको छ । पछिल्ला वर्षहरूमा सम्पत्तिसम्बन्धी अपराध बढ्दै गएको, अपराधबाट आर्जनबाट गरेको सम्पत्तिलाई सहजै अरुका नाममा राख्ने वा लुकाउने प्रवृत्ति बढेको पृष्ठभूमिमा सर्वोच्च अदालतले यस्तो अभ्यासलाई छुट दिन नसकिने औंल्याएको हो ।

सर्वोच्चले फैसलाको पूर्णपाठमा भनेको छ, 'गैरकानुनी सम्पत्तिको स्रोत लुकाउने, चोख्याउने उद्देश्यले स्वामित्व वा नियन्त्रण समर्पण गरेकै आधारमा कसुरबाट बाहेक गर्दै जाने हो भने अभियुक्तले सजिलै आफ्नो आपराधिक दायित्वबाट उन्मुक्ति पाउने र यसको आडमा अवैध धन सम्पत्तिलाई सहज रूपले शुद्धीकरण गरी वैध बनाउँदै जाने देखिन्छ ।'अवैध आर्जन गरेको सम्पत्ति बिक्री, वितरण, लगानी, रूपान्तरण वा हस्तान्तरण गरेमा वा जुनसुकै अवस्थामा पुगेको भए पनि त्यसलाई कसुरको दायरामा ल्याउनुपर्ने भन्दै सर्वोच्च अदालतले एकपटक खातामा आएको तर अहिले नदेखिएको आधारमा त्यो सम्पत्तिमाथिको अनुसन्धानलाई छुट दिन नसकिने औंल्याएको हो ।

सम्पत्तिको मुल स्रोत नै दूषित भएपछि त्यसपछिका कामहरू वैध हुन नसक्ने विधिशास्त्रीय मान्यतालाई अघि सार्दै सर्वोच्च अदालतले भनेको छ, 'सम्पत्तिको स्रोत लुकाउन वैध कारोबारमा लगानी गरिसकेको सम्पत्तिलाई वैध मानी बिगो कायम नगर्ने हो भने प्रस्तुत सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐनको उद्देश्य र मनसाय नै निष्क्रिय हुनसक्ने अवस्था सिर्जना हुनसक्छ ।'

सर्वोच्चको पूर्ण इजलासले सम्पत्तिसम्बन्धी मुद्दा चलेको व्यक्तिको साथमा जति रकम छ, त्यसका आधारमा सम्पत्तिको मूल्यांकन गरिनुपर्ने पुरानो नजिरलाई अमान्य घोषित गरिदिएको हो । गिरी दम्पत्तिले खातामा राखेको झण्डै तीन करोड रुपैयाँमाथिको प्रश्नलाई जायज ठहर्‍याए पनि सर्वोच्च अदालतले सम्पत्ति शुद्धीकरणको कानुन बन्नुअघि नै उनीहरूले सम्पत्ति जोडेको देखिएको भन्दै उनीहरूलाई दोषी ठहर गर्न नमिल्ने व्याख्या गरेको हो । फौजदारी कानुनहरू जारी भएपछिको मितिदेखि मात्रै कार्यान्वयन हुन्छन् भन्ने सर्वमान्य सिद्धान्त छ ।

प्रहरीले पूर्वगृहमन्त्री रवि लामिछानेमाथि सहकारी ठगीको आरोपसँगै पोखरा जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरणको अभियोग समेत लगाएको थियो । प्रहरीको दाबीमा रवि लामिछानेले सहकारी ठगीपछि २७ करोड ८९ लाख रुपैयाँ सम्पत्ति शुद्धीकरण गरेका थिए । करिब ११ वर्षअघिको नजिरअनुसार मुद्दाको प्रक्रिया अघि बढ्थ्यो भने पूर्वगृहमन्त्री लामिछानेले आफ्नो साथमा रहेको सम्पत्तिको मात्रै स्रोत वैध रहेको देखाएमा आरोपबाट सफाइ पाउँथे । अनुसन्धान हुँदा रवि र निकिताको खातामा ७ लाख ७४ हजार रुपैयाँ मात्रै रहेको प्रहरीको दाबी छ ।

उनीहरूले बयानमा पटकपटकको कारोबारलाई एकमुष्ट जोडेर प्रहरीले बिगोको अंक ठूलो देखाएको दाबी गरेका छन् । तीन न्यायाधीशको पूर्ण इजलासले प्रतिपादन गरेको नयाँ नजिरले उनको खातामा आएको सबै रकमको सबै स्रोत नै वैध थियो भन्ने पुष्टि गर्नुपर्ने चुनौती सुरु भएको छ । नयाँ नजिर अनुसार रवि र निकिताले आफ्नो खाताबाट कारोबार भएको २७ करोड ८९ लाख रुपैयाँ नै वैध स्रोतबाट आर्जन भएको पुष्टि गर्नुपर्ने हुन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# रोकिएन हाँसो, लयमा फर्किएको हो 'कमेडी नाइट विथ च्याम्पियन्स' ?



काठमाडौं/नयाँ संरचना र सिजनसहित फर्किएको 'कमेडी नाइट विथ च्याम्पियन्स'बाट दर्शकको आशा थियो- अझै हाँस्न सकिने कन्टेन्ट आओस् ! निर्मातासामु दर्शकको यो अपेक्षालाई पुरा गर्नुपर्ने चुनौति पनि थियो ।

किनभने, हँसाउनु संसारको सबैभन्दा कठिन काममध्ये एक हो । विशाल भण्डारी निर्देशित यो टिभी शोले सिजनको सुरुवातमा यी चुनौति भोग्दै थियो । पछिल्ला सिजन हेर्दा यस्तो लाग्छ, 'कमेडी नाइट विथ च्याम्पियन्स' यी कठिनाइ छिचोल्दै अघि बढेकोजस्तो देखिन्छ । अर्थात, कमेडीको लयमा फर्किएजस्तो ।

पछिल्लो मंगलबार प्रसारित एपिसोड निकै रोमाञ्चक रह्यो । कमेडियनहरूको प्रस्तुति एकपछि अर्को गरि दमदार देखियो । उनीहरू नेता र संचारकर्मी बनेर एकातिर अतिथिको रोस्ट गर्दै थिए भने अर्कोतिर दर्शकलाई हँसाउँदै थिए ।

यो एपिसोडले समग्रमा सकारात्मक प्रतिक्रिया प्राप्त गरेको छ । कलाकार भट्टराईले सञ्चारकर्मी प्रकाश सुवेदीको मिमिक्री प्रस्तुत गरे । स्वयम गेस्ट बनेका सुवेदी पनि रोमाञ्चक देखिए । सुवेदीको शैली र प्रवृत्तिलाई कटाक्ष गर्दै भट्टराईले रोस्ट पस्किए ।

सुमन कार्कीले सञ्चारकर्मी ऋषि धमलाको मिमिक्री गरे । उनको यो प्रस्तुतिले दर्शकलाई भर पुर मनोरञ्जन दियो । संचारकर्मी जगदिश खरेललाई सुमनले धमला पात्रमार्फत ब्यंग्य कसे । कतिपय दर्शकले एपिसोडलाई सिजनकै उत्कृष्ट भन्दै प्रशंसा गरेका छन् ।

सञ्चारकर्मी खरेलले आफ्ना अनुभवहरु रोमाञ्चक तरिकाले प्रस्तुत गर्दा कार्यक्रम थप रोमान्चक बन्यो । अर्को प्रस्तुतिमा भरतमणी पौड्यालले बाबुराम भट्टराई र सुमन कोइरालाले प्रचण्डको शैलीमा प्रस्तुति दिए । यो संवादमार्फत उनीहरूले दुई नेताबीच अन्तरविरोधले भरिएको सम्बन्धलाई आकर्षक ढंगले प्रस्तुत गरे ।

कैलाश थापाले किसान, सजन श्रेष्ठले ट्याक्सी चालक र प्रभात लामाले तस्कर बनेर कार्यक्रमलाई रोमाञ्चक मोड दिए ।

# 'बलिदान'को पोस्टरमा यस्ता देखिए सौगात

काठमाडौं/आगामी दशैंको फूलपाती अर्थात् असोज १३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'बलिदान'का मुख्य अभिनेता सौगात मल्लको क्यारेक्टर लुक्स सार्वजनिक गरिएको छ । शनिबार सार्वजनिक दुई पोस्टरमा उनी सशक्त र रहस्यमय अवतारमा देखिएका छन् । उनको शरीर बलिष्ठ देखिन्छ भने दाह्री र कपाल लामो छ । दुवै पोस्टरमा उनको अनुहारमा रिसको आवेग देख्न सकिन्छ ।




एक पोस्टरमा सौगातको एउटा आँखा कालो रङको छ । गाढा रङको वस्त्र धारण गरेका उनले हातमा एउटा बलिरहेको राँको बोकेका छन् । र, पृष्ठभूमिमा राँको र धारिलो हतियार बोकेका मानिसहरु देखिन्छन् । अर्को पोस्टरमा भने उनी हातमा हतियार बोकेर एक्सन अवतारमा देखिएका छन् । यी दुई पोस्टरले फिल्मको कथावस्तु द्वन्द्वात्मक रहेको जनाउँछ ।

निर्देशक सन्तोष सेनले 'बलिदान'मा अभिनेता मल्लको बिल्कुलै फरक अवतार रहेको बताएका छन् । उनी भन्छन्, 'फिल्ममा उहाँले बोक्नुभएको यो चरित्र उहाँको अभिनय यात्राको सबैभन्दा गहिरो, सबैभन्दा रहस्यमय, र सबैभन्दा जीवन्त पीडा र प्रतिकारको रूप हो ।' उनका अनुसार फिल्ममा सौगात रुद्र पात्रको भूमिकामा छन् ।

यसअघि फिल्मका प्रमुख अभिनेता समीर भट्टको जन्मदिनमा प्रि-टिजर सार्वजनिक गरिएको थियो, जहाँ समीर देशभक्तिपूर्ण भावनाले ओतप्रोत संवाद र एक्सन दृश्यसहित देखिएका थिए । सौगात र समीर सहित अर्पण थापा, ऋचा शर्मा, कविता राय, हेमन्त बुढाथोकी, प्रेम पुरीलगायतको अभिनय रहेको फिल्ममा पवन ब्राडफोर्ड बिस्ट निर्माता तथा प्रेम पुरी कार्यकारी निर्मातामा छन् ।

# बैंकहरूको टाउको दुखाइ बन्दै कृषि र 'एसएमई' लगानी, प्रणालीको दोब्बर निष्क्रिय कर्जा

काठमाडौं/बैंक तथा वित्तीय संस्थालाई पछिल्लो समय कृषि एवं साना तथा मझौला उद्यम (एसएमई) मा गरेको लगानी टाउको दुखाइ बनेको छ । अन्य क्षेत्रको तुलनामा कृषि तथा एसएमईको कर्जा 'डिफल्ट' दर उच्च भएपछि राष्ट्र बैंकको समेत ध्यान केन्द्रित भएको हो ।

चालु आर्थिक वर्ष चैतसम्म बैंक तथा वित्तीय संस्थाको खराब कर्जा औसतमा ५.२४ प्रतिशत छ । उक्त अवधिमा बैंक तथा वित्तीय संस्थाले ५५ खर्ब ३५ अर्ब रुपैयाँ कर्जा लगानी गरेका छन् । तर, सोही अवधिमा कृषि तथा एसएमईमा प्रवाह भएको कर्जामध्ये करिब ९ प्रतिशत खराब भएको नेपाल राष्ट्र बैंकका अधिकारीहरू बताउँछन् ।



'कृषि तथा एसएमईको खराब कर्जा बैंक तथा वित्तीय संस्थाको औसत खराब कर्जाको करिब दोब्बर छ,' ती अधिकारीले भने, 'कृषि तथा उत्पादनमूलक क्षेत्रको खराब कर्जा त्यस क्षेत्रमा गएको कर्जाको करिब ९ प्रतिशतसम्म छ, हाल वित्तीय क्षेत्रको औसत खराब कर्जा ५ प्रतिशत हो । त्यसैले सम्पत्ति व्यवस्थापन कम्पनी ल्याउने प्रक्रिया अघि बढेको हो ।'

राष्ट्र बैंकका नवनियुक्त गभर्नर प्रा. डा. विश्वनाथ पौडेलले पनि सार्वजनिक कार्यक्रममै कृषि तथा एसएमईमा गएको कर्जाको डिफल्ट दर उच्च रहेको बताएका छन । गभर्नर पौडेलले उत्पादन बढाउने क्षेत्रमा गएको कर्जाको डिफल्ट दर उच्च हुँदा आन्तरिक उत्पादन निरुत्साहित गरेको विषय प्रतिनिधिसभाको अर्थ समितिमा राखेका थिए ।

आन्तरिक उत्पादन बढाउन बैंक तथा वित्तीय संस्थाले कर्जा वितरण सुधार गर्नुपर्ने पौडेलले बताउँदै आएका छन् । राष्ट्र बैंक नेतृत्व सम्हालेको एक महिना नपुग्दै गभर्नर पौडेलले कृषि, साना तथा मझौला उद्यममा बैंकहरूको लगानी किन खराब कर्जामा परिणत भएको छ भनेर अध्ययनमै निस्केका छन् ।

गभर्नर पौडेलका अनुसार सानो कर्जा खराब हुनुका मुख्य २ कारण छन् । एउटा भनेको ऋणीले नियतवश कर्जा नतिरेका कारण खराब कर्जा बढेको छ । त्यसैगरी व्यवसाय गर्ने शिक्षाको व्यवस्था नभएर हो ।

बैंक तथा वित्तीय संस्थाले कर्जा दिँदै गर्दा पनि व्यवसायसँग सम्बन्धित आधारभूत ज्ञान दिने अभ्यास छैन । त्यसले गर्दा पनि यो क्षेत्रको खराब कर्जा बढेको उनले बताउने गरेका छन ।

'किसानलाई कसरी व्यावसायिक बनाउने भनेर शिक्षा दिने अभ्यास छैन,' गभर्नर पौडेलले भन्ने गरेका छन् । अहिले उनी कृषि तथा एसएमईमा प्रवाह भएको कर्जाको समीक्षाका लागि मध्यपश्चिम क्षेत्रतिर गएका छन् ।

केन्द्रीय बैंकले आन्तरिक उत्पादन, रोजगार वा स्वरोजगार बढाउन र उत्पादनमूलक क्षेत्रमा वित्तीय क्षेत्रको स्रोत परिचालन गर्न कृषि तथा एसएमईमा अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था गरेको छ ।

राष्ट्र बैंकको एकीकृत निर्देशन अनुसार वाणिज्य बैंकहरूले २०८४ असार मसान्तसम्म कुल कर्जाको न्यूनतम १५ प्रतिशत कृषि क्षेत्रमा प्रवाह गर्नुपर्छ । त्यसैगरी २०८४ असार मसान्तसम्म कुल कर्जाको १५ प्रतिशत एसएमई (२ करोड रुपैयाँभन्दा कम रकमका कर्जा तथा प्रत्यक्ष प्रवाह भएका विपन्न वर्ग कर्जासमेत) मा प्रवाह गर्नुपर्ने व्यवस्था छ ।

त्यसैगरी विकास बैंकले कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा कुल कर्जाको २० प्रतिशत र फाइनान्स कम्पनीले १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने छ । बैंक तथा वित्तीय संस्थाले यस्तो कर्जा प्रवाह गर्दा स्वदेशी कच्चापदार्थमा आधारित उद्योग स्थापना तथा सञ्चालनमा विशेष प्राथमिकता दिनुपर्ने निर्देशनमा उल्लेख छ ।

केन्द्रीय बैंकको निर्देशित कर्जाबाहेक सहुलियतपूर्ण कर्जा पनि कृषि, साना तथा मझौला उद्यममा प्रवाह भएको छ । केन्द्रीय बैंकको पछिल्लो अध्ययन अनुसार सहुलितयपूर्ण कर्जासमेत दुरुपयोग भएको निष्कर्ष निकालेको छ ।

**बैंक तथा वित्तीय संस्थाको कृषि र एसएमईमा लगानीको अवस्था**

चालु आव पुसम्ममा वाणिज्य बैंकहरूले कृषि क्षेत्रमा कुल कर्जाको ११.७६ प्रतिशत प्रवाह गरेका छन् । उक्त अवधिमा गरिएको ४८ खर्ब १६ अर्ब कुल कर्जा लगानीमध्ये ६ खर्ब ६२ अर्ब ७६ करोड कृषि क्षेत्रको रहेको केन्द्रीय बैंकले जनाएको छ । उक्त अवधिमा बैंकहरूले एसएमईमा कुल कर्जाको ११.२४ प्रतिशत अर्थात् ५ खर्ब ४१ अर्ब प्रवाह भएको छ ।

त्यसैगरी चालु आव पुसम्ममा विकास बैंकहरूले तोकिएको क्षेत्रमा कुल कर्जाको २६ प्रतिशत लगानी गरेका छन् । उक्त अवधिमा विकास बैंकहरूले प्रवाह गरेको कुल कर्जा ५ खर्ब १२ अर्ब बराबर छ । त्यसमा तोकिएको क्षेत्रको कर्जा १ खर्ब ३३ अर्ब छ ।

सोही अवधिमा फाइनान्स कम्पनीहरूले करिब २० अर्ब रुपैयाँ तोकिएको क्षेत्रमा कर्जा प्रवाह गरेको राष्ट्र बैंकले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# झापाबाट 'परिवर्तन'को छायांकन सुरु, बाँधियो सुशील र अञ्जनाको जोडी

काठमाडौं/अभिनेता सुशील श्रेष्ठ र अभिनेत्री अञ्जना बराइलीले पहिलो पटक सहकार्य गरेको फिल्म 'परिवर्तन'को छायांकन सुरु भएको छ । शनिबार झापा चारआलीस्थित पाथीभरा मन्दिरमा विशेष पूजा-अर्चना गर्दै फिल्मको छायांकन थालिएको हो । मुहूर्त समारोहमा सुशील र अञ्जनाले पहिलो सट दिएका थिए । ४० दिनका सेड्युलमा फिल्मको झापा, विराटनगर र इलाममा छायांकन गरिनेछ ।



विजय केरुङको निर्देशनमा बन्न लागेको फिल्ममा सुशील र अञ्जनासहित सुनिल थापा, बुद्धि तामाङ, करिश्मा मानन्धर, आशा पौडेल, सुवास मेचे, पुकार भट्टराई, आएशा कार्की, गौतम तिवारी, यमनाथ खरेल लगायतको अभिनय रहनेछ । दीपक सिवाकोटी निर्माता रहेको फिल्ममा उनी स्वयंको कथा लेखन छ भने पटकथा तथा संवाद शिवम् अधिकारीको हो ।

फिल्ममा छायाङ्कन निर्देशन शिव ढकालले, सम्पादन भूपेन्द्र अधिकारीले, द्वन्द्व निर्देशन श्री श्रेष्ठले, नृत्य निर्देशन कमल राईले र पोस्टर तथा पब्लिसिटी डिजाइन रोयल भीमसेन र ट्राइडेन्ट कन्सेप्टले गर्नेछन् । फिल्मले नेपालको सीमाना सुरक्षाको संवेदनशीलता, भ्रष्टाचारको जालो, र गरिब, दुःखी तथा असहाय जनताको पीडादायी यथार्थलाई उजागर गर्ने बताइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### नेपाली समाजलाई राजावादीले गलत दिशामा लैजान खोज्दै छः नेता थपलिया

# ‘अस्थिर सरकारबाट सुशासन प्रणालीलाई व्यवस्थित बनाउन सकिँदैन’

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले नेपाली समाजलाई राजावादीहरुले गलत दिशामा लैजान खोजिरहेको आरोप लगाएका छन् ।




प्रेस चौतारी नेपाल बागमती प्रदेशको आयोजनामा शनिबार हेटौंडामा भएको क्षमता अभिवृद्धि कार्यक्रममा बोल्दै नेता थपलियाले २०६२/६३ को जनआन्दोलनबाट फालिएको राजतन्त्र फेरि आउन सक्ने भन्दै राजावादीले समाजमा गलत भ्रम फैलाइरहेको बताए । नेपाली जनताले राजतन्त्रलाई कदापि नस्वीकार्ने समेत उनले दाबी गरेका छन् ।

नेता थपलियाले देश समाजवादको दिशामा अग्रसर भएको बताए । उपलब्ध स्रोत र साधनको उपयोग गरी वर्तमान सरकार व्यवस्थित ढंगले अघि बढिरहेको उनको भनाई छ । राजनीतिक अस्थिरता सिर्जना गरेर नकारात्मक ढंगले समाजको चित्रण गर्ने प्रवृत्ति देखापर्दै गएको नेता थपलियाले उल्लेख गरे । नेता थपलियाले अस्थिर सरकारबाट सुशासन प्रणालीलाई व्यवस्थित बनाउन नसकिने बताए ।

जनताले प्रत्यक्ष अनुभूति गर्नेगरी विकास निर्माणको कार्य गर्न स्थायी सरकार आवश्यक भएको उनको भनाई छ । २०६२/६३ को जनआन्दोलनपछि एकल बहुमतको सरकार बनाउन सक्ने स्थितिको संविधान बनाउन नसक्दा राजनीतिक अस्थिरताको बिगबिगी भएको नेता थपलियाले बताएका छन् । स्थायी सरकार बनाउनुपर्छ भन्ने मान्यता अनुरुप नै कांग्रेस र एमालेको संयुक्त सरकार बनेको उनको धारणा छ । नेता थपलियाले स्थायी सरकार निर्माणको लागि संविधानमा नमिलेका विषयवस्तुलाई मिलाउने गृहकार्य भइरहेको बताए । नेता थपलियाले समाजमा रहेका निराशालाई चिर्नेगरी प्रेस चौतारीकर्मीले आफ्नो कलम चलाउनुपर्ने बताए ।

प्रेस चौतारी बागमती प्रदेश अध्यक्ष तिलक रिमालको सभाध्यक्षता एवम् केन्द्रीय महासचिव हीरामान लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आर्थिक सहयोगमा भएको कार्यक्रममा सञ्चार रजिष्ट्रार रेवती सापकोटाले एआईसँग सहकार्य रचनात्मक पत्रकारिता, आइटी इञ्जिनियर विवेकानन्द न्यौपानेले पत्रकारितामा सूचना प्रविधिको समुचित प्रयोग, साइबर सुरक्षा र प्रेस चौतारीका महासचिव लामाले संगठनात्मक संरचना र प्रेस चौतारीको आगामी योजनाको विषयमा प्रस्तुतिकरण दिएका थिए ।

कार्यक्रममा पत्रकार महासंघका महासचिव रामप्रसाद दाहाल, महासंघका बागमती प्रदेश उपाध्यक्ष हरि हुमागाई, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीलगायतको आतिथ्यता रहेको थियो ।

# कैलाशका केउरेनी-धुसा र पकनीलाई पूर्णसरसफाई घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ मकवानपुरको कैलाश गाउँपालिका-१ को केउरेनी-धुसा र वडा नम्बर ६ का पकनीक्षेत्रका समूदायलाई पूर्णसरसफाई उन्मुख तथा सुरक्षित खानेपानीयुक्त समूदाय घोषणा गरिएको छ ।



एक कार्यक्रमकाबीच गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले दुबै वडाका समूदायलाई घोषणा गरेका हुन् । उनले राज्यको नीतिअनुरुप एक घर एक धारा भन्ने छ सोहीअनुरुप साझेदारी संस्थाको सहकार्यमा सरसफाई र खानेपानीको क्षेत्रमा प्रत्येकको घरघरमा धारा र सुरक्षित खानेपानीको कार्यलाई तीव्रता दिइएको बताए । ‘हामीले अन्य वडामा पनि घोषणा गर्दै आइरहेका छौं, सूचकहरु पुरा भएका अन्य समूदाय घोषणाको तयारीमा समेत रहेका छौं’ अध्यक्ष मुक्तानले भने, ‘घरघरमा सुरक्षित पानी पु¥याउने लक्ष्य हाम्रो छ, प्राथमिकताको आधारमा खानेपानीको योजना कार्यान्वयन गर्नेछौं ।’

दीगो विकास लक्ष्यका लागि खानेपानी र सरसफाइको क्षेत्रमा कुनैपनि कसुर बाँकी नराखी कार्य गर्दै जाने प्रतिवद्धता उनले व्यक्त गरे ।

उनले पानीका मुहानको बीमाका साथै संरक्षणका लागि गाउँपालिकाले नीति कार्यक्रम ल्याउने बताए । खानेपानी बोर्ड स्थापना गरी पालिकाभर दीगो रुपमा सञ्चालन हुने मुहानको पहिचान गरी संरक्षण गरिने अध्यक्ष मुक्तानले बताए । वडा नम्बर १ का वडाध्यक्ष तेजबहादुर ब्लोनको अध्यक्षतामा भएको कार्यक्रममा केउरेनी-धुसा समूदायको घोषणा गरिएको हो । उनले घोषणासँगै धारा र शौचालय सरसफाईमा ध्यान दिदैं फिल्टर प्रयोग गरेर पानीको प्रयोग गर्न आग्रह गरेका छन् ।

केउरेनी-धुसा टोलमा ७८ घरधुरीमा धारा जडान गरिएको छ । कार्यक्रममा वडा नम्बर ६ का वडाध्यक्ष रामबहादुर गोम्बा, वडा १ का सदस्यहरु हीराबहादुर घलान, मैयामाया थिङ, सानुमाया मुक्तान, चमेली विक, वडासचिव नितेशकुमार यादव, आरआरएनका कार्यक्रम संयोजक लिलबहादुर कार्कीलगायतको आतिथ्यता रहेको थियो । त्यस्तै, वडा नम्बर ६ का वडाध्यक्ष रामबहादुर गोम्बाको अध्यक्षतामा पकनीका बाहुनगाउँ हट्टेटोललाई घोषणा गरिएको थियो । घोषणासँगै मुहान, पाइप, धारा, ट्यांकी संरक्षण, सरसफाइका साथै मर्मत कार्यमा पनि समूदायले चासो राख्नुपर्ने बताए । ८७ घरधुरीमा धारा सहित फिल्टर प्राप्त गरेका छन् आगामी दिनमा अर्को टोललाई यसरी नै सुरक्षित खानेपानीको लागि काम गर्ने अध्यक्ष गोम्बाले बताए ।

कार्यक्रममा वडा १ का वडाध्यक्ष तेजबहादुर ब्लोन, वडा ६ का सदस्यहरु शम्भु अर्याल, जीतबहादुर थिङ, पार्वती मुक्तान, क्यूकुमारी सुनार, आरआरएनका कार्यक्रम संयोजक कार्कीलगायतको आतिथ्यता रहेको थियो । नेपाल ग्रामीण पुर्ननिर्माण संस्था (आरआरन)को सहजीकरण र डब्लुएचएचको आर्थिक सहयोगमा सञ्चालित वास परियोजना अन्तरगत सरसफाई सत्र तथा पूर्णसरसफाई उन्मुख तथा सुरक्षित खानेपानीयुक्त समूदाय घोषणा गरिएको आरआरएनका कार्यक्रम संयोजक कार्कीले बताए । यसअघि कैलाशका विभिन्न वडाका ७ वटा समूदाय घोषणा भइसकेका छन् ।

# थाहानगरमा भूमि समस्या समाधान गर्न जग्गा नापजाँच प्रक्रिया सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ मकवानपुरको थाहा नगरपालिका-४, स्थित सीम्भञ्ज्याङमा भूमि समस्या समाधान गर्न जग्गा नापजाँच प्रक्रिया सुरु भएको छ ।

दलित, भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबास गरिरहेका स्थानीयको भूमिसम्बन्धी लामो समयदेखि अल्झिएको समस्याको समाधानका लागि जग्गा नापजाँच प्रक्रिया सुरु गरिएको हो । भूमि आयोग मकवानपुरले यो विषयमा बैठक आयोजना गरेर प्रक्रिया अगाडि बढाएको जनाएको छ । थाहानगर प्रमुख बिष्णुबहादुर बिष्टको अध्यक्षता एवम् भूमि समस्या समाधान आयोग मकवानपुरका अध्यक्ष बलराम बलको प्रमुख आतिथ्यतामा बैठक बसेको हो ।

यसअघिकै भूमि आयोगले पनि सीमभञ्ज्याङको नापँजाच गरेर प्रमाणित गरेको भएपनि त्यसलाई प्रक्रिया पुरा नभएकोले सर्वे गरेर प्रक्रिया पुरा गरिने काम सुरु भएको हो । २०११ सालदेखि बसोवास गर्दै आएको भएपनि कित्ताकाट नभएका, मालपोतमा दर्ता नभएका जग्गाको यकिन गर्न सर्वेको काम सुरु गरिएको आयोग मकवानपुरकी सदस्य दिलु घर्तीले जानकारी दिइन् ।

‘फाईल छ तर, स्रेस्ता, लगत नभेटिएको हुँदा हामीले पुन काम सुरु गरेका हौं’ उनले भनिन् । वडा नम्बर ४ मा करीब २५० जना त्यस्ता अव्यवस्थित एवम् सुकुमवासीको बसोवास रहेको उनले बताइन् । बैठकले नगरप्रमुख बिष्टको संयोजकत्वमा १४ सदस्य भूमि समस्या समाधन सहजिकरण समिति गठन गरेको छ । समितिले भूमि समस्या समाधानका लागि खटिएका प्राविधिकलाई नापनक्सा कार्यका लागि सहजिकरण र सहयोग गर्ने बताइएको छ ।

यस्तै नापनक्साका लागि खटिएका प्राविधकका लागि आवश्यक बन्दोबस्ती वडा नम्बर ४ कार्यालयले गर्ने निर्णय गरेको छ । बैठकमा आयोगका सदस्य कविन सांगामी, अर्जुनप्रसाद चौलागाइ, रघुवंश कँडेल, सदस्यसचिव खिमबहादुर राना, पूर्वसदस्य अरुण रायमाझी, ४ नम्बर वडाअध्यक्ष नारायणा लामालगायतको उपस्थिति थियो ।

# कैलाश-४ ज्यान्द्रुङमा वर्थिङ सेन्टर उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर ४ ज्यान्द्रुङमा वर्थिङ सेन्टर तथा ओटिसी सेन्टर उद्घाटन गरिएको छ ।



होम डेलिभरीको अन्त्य गर्न वडावडामा स्वास्थ्यचौकीसहित वर्थिङ सेन्टर सञ्चालन गर्ने हेतुले ज्यान्द्रुङमा वर्थिङ सेन्टर सञ्चालनमा ल्याइएको हो । शनिबार गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले सेन्टरको उद्घाटन गरेका हुन् । उद्घाटन गर्दै आमा र बच्चाको स्वास्थ्यका लागि र होम डेलिभरीको अन्त्यका लागि वर्थिङ सेन्टर सञ्चालन गरिएको बताए । आगामी वर्षदेखि कैलाशका सबै वडावडामा वर्थिङ सेन्टर रहने उनले बताए ।

गर्भवती आमा र बच्चाको स्वास्थ्य अवस्था ठीक राख्न र सुत्केरी हुने बेला स्वास्थ्यकर्मीकै हेरचाह र उपचार गर्दा विभिन्न जोखिमबाट बच्न र बचाउन सकिने भएकाले वर्थिङ सेन्टरबाट सेवा लिन सबैलाई अध्यक्ष मुक्तानले आग्रह गरेका छन् । ‘प्रत्येक वडामा आमा सुरक्षा कार्यक्रम र पोषण कार्यक्रम भइरहेको छ, यहाँका नागरिकले स्वास्थ्य परीक्षण समयमै पाइरहेको अवस्थामा वर्थिङ सेन्टरले थप टेवा पुग्नेछ’ उनले भने । गर्भवति महिलाले स्वास्थ्य संस्थाबाटै कम्तिमा ८ पटक गर्भ जाँच गर्न उनले आग्रह गरे ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले वर्थिङ सेन्टर स्थापनाले मात्र हुन्न यहाँबाट सम्बन्धित विरामीले सेवा लिनुपर्नेमा जोड दिए । घरमा सुत्केरी गराउनु भन्दा स्वास्थ्यका हिसाबले सेन्टरमै आएर सुत्केरी गराउँदा धेरै राम्रो हुने बताउँदै वर्थिङ सेन्टरबाट आमा र बच्चाले उपचार गराउँदा मात्रै सार्थकता प्राप्त गर्ने उनले बताए । गाउँपालिकाले सुत्केरीका लागि नि:शुल्क एम्बुलेन्ससेवा प्रदान गरेको छ, विभिन्न सूचकलाई पुरा गर्दै स्वास्थ्यक्षेत्रमा आवश्यक काम गरिरहेको उनले बताए ।

वडा नम्बर ४ का वडाध्यक्ष तीलकबहादुर मुक्तानको अध्यक्षतामा वर्थिङ सेन्टरको उद्घाटन गरिएको हो । वर्थिङ सेन्टरसँगै कडा कुपोषण बच्चाहरु उपचारको लागि ओटिसी सेन्टर पनि सञ्चालनमा ल्याइएको छ । जग्गा अभावका कारण वर्थिङ सेन्टर निर्माणमा ढिलाई भएको थियो । स्थानीय कर्णबहादुर थिङले तीन रोपनी जग्गा दान गरेपछि १३ लाख लगानीमा वर्थिङ सेन्टर निर्माण गरिएको गाउँपालिका स्वास्थ्य शाखाप्रमुख कृष्ण यादवले बताए । वर्थिङ सेन्टरमा गोपेघारी, देउतीस, धुस्राङ, देउराली, लिक्चे क्षेत्रका स्थानीयले सेवा लिनसक्ने प्रमुख यादवले बताए ।

कार्यक्रममा वडा नम्बर ३ का वडाध्यक्ष देवलाल बल, कार्यपालिका सदस्य सम्झना गोले, वडासदस्यहरु नेमराज चेपाङ, रवीन्द्र सिन्तान, स्वास्थ्य शाखाप्रमुख यादव, प्रेमसेवा समाजका लेखाप्रमुख विष्णु गुरुङ, स्वास्थ्य सहजकर्ता, भार्ता प्रहरीचौकीका प्रमुख प्रकाश घिमिरे, वडा ४ का सचिव अशोक शर्मालगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा जग्गादाता कर्णबहादुर थिङलाई दोसल्ला र कदर पत्रले सम्मान गरिएको थियो ।

# सडक मानवमुक्त राष्ट्र घोषणाका लागि थाहानगरको प्रतिवद्धता

साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ सहयोगापेक्षी सडक मानवमुक्त राष्ट्र घोषणा गर्न मकवानपुरको थाहा नगरपालिकाले प्रतिवद्धता जनाएको छ ।

पालिकालाई सहयोगापेक्षी सडक मानवमुक्त राष्ट्र नेपाल घोषणा गर्न मानवसेवा आश्रमले सहकार्यका लागि प्रस्ताव पेश गरेको थियो । थाहानगरले आश्रमसँग सहकार्य गर्दै सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र घोषणा र कार्यान्वयनको लागि प्रतिवद्धता जनाएको हो । मानवसेवा आश्रमले मानवता प्रवर्द्धन महाअभियानमा गरेको योगदान प्रशंसनीय रहेको बताउँदै आगामी बजेटमा आश्रमको स्तरउन्नतिको निम्ति सहयोग गर्ने नगरप्रमुख विष्णुबहादुर विष्टले बताए ।

उनले थाहा नगरपालिका क्षेत्र र पुरै नेपाललाई नै सहायोगापेक्षी सडक मानवमुक्त बनाउने कार्यमा आश्रमसँग आवश्यक सहकार्य गर्न प्रतिवद्ध रहेको बताए । सडक मानवको उद्दार, संरक्षण र पुन:स्थापनामा संलग्न संघसंस्थासँग समन्वय र सहकार्य गरी वि.सं. २०८२ सम्ममा नेपाललाई सडक मानवमुक्त बनाइनेछ भन्ने नेपाल सरकारको घोषणा कार्यान्वयन गर्न ऐक्यवद्धता रहेको पत्रमा उल्लेख छ । सोही समयमा पालिका र आश्रमबीच स्नेहमिलन कार्यक्रम भएको थियो ।

कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली, ३ नम्बर वडाध्यक्ष हिरेन्द्रकुमार रायमाझी, ७ नम्बर वडाध्यक्ष शिवराज थिङ, ८ का अध्यक्ष हेम लामा तथा अन्य जनप्रतिनिधि, कर्मचारीलगायत विभिन्न संघसंस्थाको प्रतिनिधिको सहभागिता रहेको थियो ।

# सरकारको तालिमले अहिलेसम्म सार्थकता पाउन सकेनः मुख्यमन्त्री लामा



साझाकुरा संवाददाता

हेटौंडा, २४ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले सरकारले विभिन्न समयमा दिइरहेको तालिमले अहिलेसम्म सार्थकता पाउन नसकेको बताएका छन् ।

काठमाडौं महानगर पालिकाद्वारा आयोजित सीप मेला २०८२ को अवलोकनका क्रममा मुख्यमन्त्री लामाले सीप सिकेकालाई प्रमाणपत्र दिने र उनीहरु कहाँ के गर्दैछन् भनेर डाटा राख्नुपर्ने बताए । उनले संख्या तोकेरै तालिम दिइयो भने पनि सिष्टम नबनाइँदा तालिमप्राप्त जनशक्ति कहाँ छन् ? के गरिरहेका छन् ? भन्ने थाहा पाउन नसकिने अवस्था रहेको स्पष्ट पारे ।

सीटीइभीटीको अवधारणा अनुसार तालिम लिएकालाई प्रमाणपत्र दिने, तालिम प्राप्त व्यक्ति कहाँकहाँ छन् भन्ने जानकारी राख्नका लागि डाटा राख्नुपर्ने उनको भनाइ थियो । मुख्यमन्त्री लामाले सिष्टम नहुँदा तालिमप्राप्त व्यक्तिका बारेमा जानकारी नभएपनि तालिम लिएका पनि उत्तरदायी बन्नुपर्नेमा जोड दिए । मुख्यमन्त्री लामाले सञ्चारमाध्यममा भ्रष्टचार भयो भनेर मात्र समाचार आउने गरेको बताए । भ्रष्टचार नियन्त्रणको विधिबारे कोही पनि बोल्न नखोजेको उनको भनाई छ ।

मुख्यमन्त्री लामाले राज्य र सरकारलाई जानकारी हुनेगरी व्यक्तिगत डाटा सिष्टमको विकास गर्ने हो भने भ्रष्टाचार पनि नियन्त्रण गर्न सकिने दावी गरे । मुख्यमन्त्री लामाले भ्रष्टचार नियन्त्रणमा सबै पक्ष जिम्मेवार ढंगले अगाडि बढ्नुपर्ने बताए ।

## लु (तातो हावा) का असर र बच्ने उपाय

| “लु” का असर | “लु”बाट बच्ने उपाय |
| --- | --- |
| ☞ थकाइ लाग्ने | ☞ प्रशस्त पानी तथा झोल पदार्थ पिऊँ |
| ☞ कमजोरी हुने | ☞ शरीर कमजोर भएमा जीवनजल पिऊँ |
| ☞ बढी तिर्खा लाग्ने | ☞ शीतल छहारीमा बसौं |
| ☞ टाउको दुख्ने | ☞ घाम लागेको बेला खेतबारीमा काम नगरौं |
| ☞ खुट्टा बाउँडिने | ☞ घाममा निस्कँदा छाता ओढौं |
| ☞ रिङ्गटा लाग्ने | ☞ अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं |
| ☞ बेहोस हुने | ☞ मौसमी फलफूल र तिनको रस सेवन गरौं |
| ☞ मांसपेशी दुख्ने | ☞ ‘लु’ लागेमा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । |
| ☞ वान्ता हुने आदि। | |

नेपाल सरकार

विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश !

**(क) सवारी चालक सचेतना सम्बन्धी**

१. बागमती प्रदेश सरकारले सवारी नवीकरण, कर भुक्तानी तथा पटके मार्ग इजाजत सम्बन्धी कार्य अनलाइन मार्फत प्रदान गरिदैं आएकोले अनलाइन सेवा लिइ लाभान्वित हुनुहोला ।
२. सवारी चालक अनुमतिपत्र (लाईसेन्स) विना सवारी नचलाऔं ।
३. मादक पदार्थ सेवन/लागू औषध सेवन गरेर साथै मोबाइलमा कुरा गर्दै सवारी नचलाऔं ।
४. तीव्र गतिमा सवारी नचलाऔं साथै बस्ती क्षेत्रमा बाटो खाली भएतापनि प्रति घण्टा ४० कि.मी. भन्दा कम गतिमा सवारी चलाऔं ।
५. चोक चौराहा, साँघुरो पुल/बाटो, घुम्ती (मोड) मा विस्तारै सवारी चलाऔं ।
६. लापरवाही र हेलचेक्राइ तवरबाट प्रतिस्पर्धाको भावना राखी जथाभाबी ओभर टेक नगरौं ।
७. राजमार्ग, सहायक राजमार्ग, भित्री सडकमा सवारी चलाउँदा मानिस (बालबालिका), गाई बस्तु हिँडडुल गर्ने तथा बाटो (वारपार) काट्ने हुनाले विशेष सतर्कता/सावधानी अपनाई नियन्त्रित गतिमा सवारी चलाऔं ।
८. तोकिए भन्दा बढी मात्रामा यात्रुहरू तथा वजन/तौल राखी सवारी नचलाऔं ।
९. सडकमा जथाभाबी सवारी पार्किङ नगरौं, तोकिएको ठाउँ/स्थानमा मात्र पार्किङ गरौं ।
१०. यात्रुहरूसँग शिष्ट भाषा र सभ्य व्यवहार गरौं साथै यात्रुलाई सवारीमा चढाउँदा (राख्दा) तानातान गर्ने, दुर्व्यवहार गर्ने, अनावश्यक दुख हैरानी दिने कार्य नगरौं ।

**(ख) श्रम सचेतना सम्बन्धी**

१. श्रमिकको अधिकार सुनिश्चित गरौं ।
२. श्रम र श्रमिकको सम्मान गरौं ।
३. श्रमको उचित मूल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं ।
४. कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं। श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं ।
५. मर्यादित श्रमको प्रवर्द्धन गरौं ।
६. उद्योग प्रतिष्ठानमा सुरक्षित कार्य वातावरण सुनिश्चित गरौं। श्रमिक र रोजगारदाता बीच सौहार्दपूर्ण सम्बन्ध कायम गरौं । श्रमिकको योगदानको कदर गरौं ।
७. ‘श्रमको सम्मान, राष्ट्रको अभियान’ अन्तरराष्ट्रिय श्रमिक दिवसको नारालाई सार्थक बनाऔं ।
८. वैदेशिक रोजगारीमा जानुअघि पर्याप्त जानकारी लिई सीप सिकेर मात्र जाऔं।

बागमती प्रदेश सरकार

**श्रम, रोजगार तथा यातायात मन्त्रालय**

हेटौंडा, नेपाल

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना